# सहयोगापेक्षी सडक आश्रित मानव र सडक बालबालिका मुक्त जिल्ला घोषणा कार्यक्रम सञ्चालन मार्गदर्शन पुस्तिका -२०८३

(सामाजिक विकास मन्त्रालयबाट स्वीकृत मितिः २०८३/०४/२८ गते)

**प्रस्तावना**

कोशी प्रदेशको भूगोलभित्र कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै स्थानीय तहको प्रत्यक्ष नेतृत्वमा चालु आर्थिक वर्ष २०८३ भित्रै कोशी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश बनाउन आवश्यक देखिएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले देहाय बमोजिमको **मार्गदर्शन** स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद - १ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन मार्गदर्शन, २०८३"** रहेको छ।

(२) यो मार्गदर्शन कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,—

(क) **"स्थानीय तह"** भन्नाले कोशी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ।

(ख) **"स्थानीय निर्देशक समिति"** भन्नाले दफा ७ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ग) **"स्थानीय कार्यकारी समिति"** भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) **"सम्बन्धित संस्था"** भन्नाले दफा १२ बमोजिम स्थानीय तहबाट छनोट भई कार्य गर्न सम्झौता भएको संस्था सम्झनु पर्छ।

(च) **"सडक आश्रित सहयोगापेक्षी मानव"** भन्नाले असहाय, अशक्त, वेसहारा, अनाथ, संरक्षकविहीन भई सार्वजनिक स्थल, सडकपेटी, पाटीपौवा, मठमन्दिर, अस्पताल लगायतका स्थानमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद - २: उद्देश्य तथा उद्धार व्यवस्थापन प्रक्रिया

**३. मार्गदर्शक उद्देश्यः**

(क) असहाय, बेवारिसे तथा मनोरोगी व्यक्तिहरूको स्थानीय तहको नेतृत्वमा उद्धार, संरक्षण, उपचार र पुनर्स्थापना गर्नु।

(ख) घरपरिवार वा समाजबाट परित्यक्त व्यक्तिहरूको पारिवारिक पुनर्मिलनलाई मुख्य प्राथमिकता दिने।

(ग) प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट स्थानीय तहमा वित्तिय हस्तान्तरण भएको बजेट अनुदान र स्थानीय तहको कार्यसम्पादनबाट चालु आर्थिक वर्ष २०८३ भित्रै प्रदेशका सबै स्थानीय तह तथा सिङ्गो कोशी प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त घोषणा गर्नु।

**४. उद्धार तथा व्यवस्थापन प्रक्रियाः**

स्थानीय तहसँग सम्झौता गरेको सम्बन्धित संस्था र स्थानीय तहले देहाय बमोजिम उद्धार कार्य गर्नेछन्:

(क) स्थानीय तह क्षेत्रभित्र नियमित अनुगमन गरी सडक आश्रित व्यक्तिको पहिचान गर्ने।

(ख) जनप्रतिनिधि, नगर प्रहरी, नेपाल प्रहरी र स्थानीयवासीको उपस्थितिमा अनुसूची-३ बमोजिमको मुचुल्का/उद्धार फाराम भरी उद्धार गर्ने।

(ग) मनोरोग वा मनोसामाजिक समस्या भएका महिला, अशक्त ज्येष्ठ नागरिक र बालबालिकालाई प्राथमिकतामा राखी उद्धार गर्ने।

(घ) उद्धार गरिएका व्यक्तिलाई safe house/आश्रममा राखी मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार र पारिवारिक पुनर्मिलनको प्रयास गर्ने।

## परिच्छेद - ३: समिति सम्बन्धी व्यवस्था (स्थानीय तहमै रहने)

**५. स्थानीय निर्देशक समितिः**

(१) स्थानीय तहभित्र सडक मानवमुक्त अभियानको नीतिगत मार्गदर्शन, बजेट व्यवस्थापन र समन्वय गर्न देहाय बमोजिमको **स्थानीय निर्देशक समिति** रहनेछः

(क) प्रमुख/अध्यक्ष, सम्बन्धित स्थानीय तह – **संयोजक**

(ख) उपप्रमुख/उपाध्यक्ष, सम्बन्धित स्थानीय तह – **सह-संयोजक**

(ग) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह – **सदस्य**

(घ) संयोजक समेत रहने गरी स्थानीय तहका सामाजिक विकास समितिका सदस्यहरू – **सदस्य**

(ङ) प्रमुख, स्थानीय प्रहरी कार्यालय/नगर प्रहरी प्रमुख – **सदस्य**

(च) प्रतिनिधि, स्थानीय उद्योग वाणिज्य सङ्घ/गैरसरकारी संस्था महासङ्घ – **सदस्य**

(छ) प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ (सम्बन्धित जिल्ला/शाखा) – **सदस्य**

(ज) प्रमुख, सामाजिक विकास शाखा (सम्बन्धित स्थानीय तह) – **सदस्य सचिव**

निर्देशक समितिको बैठकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयको प्रमुखलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सक्नेछ।

**६. स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

(क) स्थानीय तहभित्र सडक मानवमुक्त बनाउने नीति, योजना तथा वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

(ख) प्रदेश सरकारबाट प्राप्त बजेट अनुदान र आन्तरिक स्रोतको संयोजन र स्वीकृत गर्ने।

(ग) स्थानीय कार्यकारी समितिलाई आवश्यक निर्देशन र मार्गदर्शन दिने।

(घ) अनुसूची-१ को सूचक पूरा भएपछि चालु आर्थिक वर्ष भित्रै **"सडक आश्रित सहयोगापेक्षी मानवमुक्त स्थानीय तह"** घोषणा गर्ने निर्णय गरी प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) मा सिफारिस गर्ने।

**७. स्थानीय कार्यकारी समितिः**

(१) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्न र प्रत्यक्ष उद्धार तथा अनुगमनका लागि देहाय बमोजिमको **स्थानीय कार्यकारी समिति** रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत – **संयोजक**

(ख) प्रमुख, सामाजिक विकास शाखा – **सदस्य**

(ग) प्रतिनिधि, सम्बन्धित स्थानीय प्रहरी कार्यालय – **सदस्य**

(घ) प्रतिनिधि, स्थानीय तहले छनोट गरेको सम्बन्धित संस्था – **सदस्य**

(ङ) महिला, बालबालिका शाखा प्रमुख – **सदस्य सचिव**

**८. स्थानीय कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः**

(क) सडक आश्रित व्यक्तिको पहिचान, उद्धार, उपचार तथा पुनर्स्थापना सम्बन्धी प्रत्यक्ष कार्य सञ्चालन गर्ने/गराउने।

(ख) छनोट भएको संस्थासँग भएको सम्झौता बमोजिम काम भए/नभएको नियमित अनुगमन गर्ने।

(ग) उद्धार गरिएका व्यक्तिहरूको तथ्याङ्क तथा मासिक प्रगति विवरण तयार गरी निर्देशक समिति र मन्त्रालयमा पेश गर्ने।

## परिच्छेद - ४: संस्था छनोट, सम्झौता र बजेट अनुदान

**९. संस्था छनोट तथा बजेट व्यवस्था**

(१) सम्बन्धित स्थानीय तहले प्रचलित कानुन बमोजिम दर्ता भई सडक आश्रित सहयोगापेक्षी मानव उद्धार तथा व्यवस्थापनमा कार्यरत संस्थाहरूबाट प्रस्ताव आह्वान गरी **प्रचलित कानून बमोजिम** संस्था छनोट गर्नेछ।

(२) संस्था छनोटको मापदण्ड अनुसूची २ बमोजिम हुनेछ ।

(३) छनोट भएको संस्थासँग स्थानीय तहले वार्षिक कार्यसम्पादन सम्झौता (MoU) गर्नेछ।

(४) यदि कुनै स्थानीय तहमा संस्था नभएमा वा पूर्वाधार नभएमा छिमेकी पालिका वा प्रदेशस्तरमा सञ्चालित दर्तावाला संस्थासँग सम्झौता गरी उद्धार तथा व्यवस्थापन गराउन सकिनेछ।

(५) स्थानीय तहले सम्झौता बमोजिम संस्थालाई प्रगति र किस्ताका आधारमा बजेट निकासा उपलब्ध गराउनेछ।

## परिच्छेद - ५: निकायगत भूमिका

**१०. सामाजिक विकास मन्त्रालय (प्रदेश सरकार) को भूमिकाः**

(क) स्थानीय तहहरूलाई आवश्यक बजेट अनुदान समयमै निकासा गर्ने।

(ख) मार्गदर्शन कार्यान्वयनका लागि स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग, समन्वय र मार्गदर्शन प्रदान गर्ने।

(ग) प्रदेशभरका स्थानीय तहहरू सडक मानवमुक्त घोषणा भएसँगै चालु आर्थिक वर्ष २०८३ भित्रै **"सडक आश्रित सहयोगापेक्षी मानवमुक्त कोशी प्रदेश"** घोषणा गर्ने।

**११. स्थानीय तहको भूमिकाः**

(क) संस्था छनोट, सम्झौता, उद्धार, पुनर्स्थापना र अनुगमनका सम्पूर्ण कार्यहरूको प्रत्यक्ष नेतृत्व गर्ने।

(ख) प्राप्त प्रदेश अनुदान र स्थानीय स्रोतको प्रभावकारी उपयोग गरी **चालु आर्थिक वर्ष २०८३ भित्रै** आफ्नो पालिकालाई सडक मानवमुक्त घोषणा गर्ने।

(ग) उद्धार गरिएका व्यक्तिहरूको व्यक्तिगत विवरण अद्यावधिक राखी त्रैमासिक रूपमा मन्त्रालयमा पठाउने।

## परिच्छेद - ६ः घोषणा, अनुगमन तथा सामाजिक परीक्षण

**१२. चालु आर्थिक वर्ष (२०८३) भित्रै घोषणा सम्बन्धी व्यवस्थाः**

(१) स्थानीय तहले अनुसूची-१ मा तोकिएका आधार सूचकहरू पुरा गरी **चालु आर्थिक वर्ष २०८३ भित्रै** आफ्नो पालिकालाई "सडक आश्रित सहयोगापेक्षी मानवमुक्त स्थानीय तह" घोषणा गर्नेछन्।

(२) स्थानीय निर्देशक समितिको सिफारिस र गाउँ/नगर कार्यपालिकाको निर्णय बमोजिम घोषणा गरिनेछ।

(३) प्रदेशका सबै वा ९० प्रतिशत/बहुसङ्ख्याक स्थानीय तहहरू घोषणा भइसकेपछि मन्त्रालयको सिफारिसमा कोशी प्रदेश सरकारले **"सडक आश्रित सहयोगापेक्षी मानवमुक्त कोशी प्रदेश"** घोषणा गर्नेछ।

**१३. अनुगमन तथा लेखापरीक्षणः**

(१) स्थानीय कार्यकारी समितिले सम्झौताकृत संस्थाको आवधिक अनुगमन गरी प्रतिवेदन निर्देशक समितिमा पेश गर्नेछ।

(२) संस्थाले प्राप्त अनुदान रकमको प्रचलित कानुन बमोजिम लेखापरीक्षण तथा सामाजिक परीक्षण गराउनुपर्नेछ।

## अनुसूची - १: घोषणाका आधार सूचकहरू

*(दफा १३ सँग सम्बन्धित)*

| क्र.सं. | सूचकको विषय | न्यूनतम मापदण्ड / अवस्था |
|---|---|---|
| १ | **नीति तथा बजेट** | स्थानीय तहको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा सडक मानवमुक्त अभियान समावेश भएको। |
| २ | **संस्था छनोट र व्यवस्थापन** | स्थानीय तहले संस्था छनोट गरी सम्झौता सम्पन्न गरी उद्धार संयन्त्र तयार गरेको। |
| ३ | **सडकको वर्तमान अवस्था** | सार्वजनिक स्थल वा सडकमा कुनै पनि सहयोगापेक्षी मानव नरहेको वा भेटिएमा २४ **घण्टाभित्र** उद्धार हुने संयन्त्र क्रियाशील भएको। |
| ४ | **सचेतना तथा मानवता प्रवर्द्धन** | समुदाय तथा विद्यालय स्तरमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको। |

## अनुसूची - २ः प्रकृति अनुसार उद्धार र व्यवस्थापन दायित्व

*(दफा ४ सँग सम्बन्धित)*

| सि. नं. | सडकमा भेटिने मानवहरूको प्रकृति | उद्धार गरी व्यवस्थापन गर्ने जिम्मेवारी | व्यवस्थापनको समय सीमा |
|---|---|---|---|
| १ | असहाय, अनाथ, अपाङ्गता भएका, मनोसामाजिक समस्या भएका व्यक्तिहरू | स्थानीय तह, प्रहरी र सम्झौताकृत संस्था | सूचना प्राप्त भएको २४ **घण्टाभित्र** आश्रम/पुनर्स्थापना केन्द्रमा लैजाने |
| २ | अलपत्र परेका कामदार वा मजदुरहरू | स्थानीय तहको समन्वयमा सम्बन्धित रोजगारदाता | सूचना पाएको २४ **घण्टाभित्र** रोजगारदाताले व्यवस्थापन गर्ने |
| ३ | मादक पदार्थ/लागुऔषध सेवन गरी सडकमा बस्ने | नेपाल प्रहरी, नगर प्रहरी र स्थानीय तह | २४ घण्टाभित्र हटाउने वा परिवार/सुधार केन्द्रमा पठाउने |
| ४ | पेसेवर मगन्तेहरू | स्थानीय तह, प्रहरी र वडा कार्यालय | २४ घण्टाभित्र सडकबाट हटाई कानुनी/सामाजिक परामर्श दिने |

## अनुसूची - ३ः उद्धार तथा मुचुल्का फाराम (ढाँचा)

*(दफा ४ को खण्ड (ख) सँग सम्बन्धित)*

**स्थानीय तहको नामः** ......................................................

**वडा नं.:** ............. **स्थान/टोलः** ....................................................

**१. उद्धार गरिएका व्यक्तिको विवरण (खुलेसम्म):**

- नाम/थरः ............................................... उमेर (अनुमानित): ............. लिङ्गः .........
- ठेगानाः .................................................................................................
- शारीरिक/मानसिक अवस्थाः .........................................................................

**२. उद्धार गर्दाको अवस्था र कारणः** ..........................................................................

**३. उद्धार गर्ने टोली/रोहवरमा खट्ने अधिकारीहरूः**

- स्थानीय प्रतिनिधि/वडा प्रतिनिधिः ............................... पदः ................. दस्तखतः .........
- प्रहरी प्रतिनिधिः ................................................. पदः ................. दस्तखतः .........
- छनोट भएको संस्थाको प्रतिनिधिः .............................. पदः ................. दस्तखतः .........

**मितिः** २०८३/..../....

## अनुसूची - ४ः संस्था छनोट मापदण्ड

१. **कानूनी तथा संस्थागत सुशासनः**

- **दर्ता तथा नवीकरणः** प्रचलित कानून अनुसार सम्बन्धित निकाय (जि.प्र.का., समाज कल्याण परिषद्, प्रदेश/स्थानीय तह) मा दर्ता, सूचिकृत र अद्यावधिक नवीकरण भएको।
- **आन्तरिक सुशासनः** विधान अनुसार नियमित साधारण सभा, कार्यसमिति बैठक, तथा आवधिक निर्वाचन/पुनर्गठन भएको। नियमित बार्षिक लेखापरीक्षण,
- **सूचनाको हक र पारदर्शिताः** संस्थागत गतिविधि, वार्षिक प्रगति विवरण र निर्णयहरूको सार्वजनिकरण तथा अभिलेखीकरण, सामाजिक परीक्षण। (५ अङ्क)

२. **भौतिक पूर्वाधार र सेवाको गुणस्तरः**

- **आवास तथा वातावरणः** लाभान्वितहरू (सडकआश्रित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, बालबालिका आदि) का लागि बाल/अपाङ्ग/ज्येष्ठ नागरिकमैत्री, सुरक्षित र मैत्री आवास तथा कम्पाउण्ड वाल भएको,
- **स्वास्थ्य र पोषणः** आधारभूत स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श (Psychosocial Counseling), र पोषणयुक्त खानपानको व्यवस्था। डेडिकेटेड मेडिकल रुम, अनिवार्य स्वास्थ्यकर्मीको व्यवस्था, नियमित स्वास्थ्य परीक्षण र व्यक्तिगत सरसफाइको व्यवस्था।
- **सुरक्षाः**, सेक्यूरिटि गार्डको व्यवस्था। महिला र पुरुष छुट्टा छुट्टै राखे व्यवस्था।

३. **कार्य सम्पादन र प्रभावकारिता :**

- **उद्धार तथा संरक्षणः** प्रत्यक्ष उद्धार गरिएका, संरक्षण दिइएका वा सेवा पाएका व्यक्तिहरूको सङ्ख्या र गुणस्तर।
- **पुनःस्थापना तथा पारिवारिक पुनर्मिलनः** संरक्षण पश्चात् परिवारमा पुनर्मिलन गराइएको वा समाजमा पुनःस्थापना (Reintegration/Self-reliance) गराइएको सफलताको दर।
- **सीप विकास तथा सशक्तीकरणः** लाभान्वितहरूलाई आत्मनिर्भर बनाउन सञ्चालन गरिएका जीवनोपयोगी सीप, शिक्षा, वा क्षमता विकास कार्यक्रम।

४. **वित्तीय पारदर्शिता र जवाफदेहिता :**

- **लेखापरीक्षणः** मान्यता प्राप्त लेखापरीक्षकबाट नियमित लेखापरीक्षण (Audit) गराई सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने गरेको,

- **स्रोतको सदुपयोगः** प्राप्त अनुदान, दान वा सहायताको अधिकतम हिस्सा प्रशासनिक खर्चमा भन्दा प्रत्यक्ष सेवा/कार्यक्रममा उपयोग भएको।

५. सहकार्य र समन्वय :

- **सरकारी निकायसँगको समन्वयः** संघ, प्रदेश, र स्थानीय सरकार तथा सम्बन्धित सरोकारवाला निकायहरूसँगको समन्वय ।
- **समुदाय तथा सरोकारवालाको सन्तुष्टिः** स्थानीय समुदाय, सञ्चारमाध्यम र सरोकारवाला निकायहरूबाट प्राप्त सकारात्मक प्रतिक्रिया/अनुगमन प्रतिवेदन।